# बार्षिक प्रगति समीक्षा कार्यक्रम
# २०७९

सुनिलस्मृती गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, सुलिचौर, रोल्पा


<u>प्रस्तुतकर्ताः</u>

दिनेश पौडेल

प्रमुख प्रशासकीय अधिकृत


१२ साउन २०७९

# यस समीक्षा कार्यक्रममा उपस्थित सम्पूर्ण आदरणीय व्यक्तित्वहरुमा हार्दिक



# गाउँपालिकाको संक्षिप्त परिचय झलक






# गाउँपालिकाको संक्षिप्त परिचय झलक

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको राज्य संरचना अन्तर्गतको एक शासकीय इकाईको रुपमा रहेको यस सुनिलस्मृति गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत रोल्पा जिल्लाको पूर्वी भेगमा अवस्थित रहेको छ।

- यस गाउँपालिकाको पूर्वमा लुङ्ग्री गाउँपालिका र प्यूठान जिल्लाको प्यूठान नगरपालिका पश्चिममा रोल्पा नगरपालिका र रुन्टिगढी गाउँपालिका उत्तरमा सुनछहरी र रोल्पा नगरपालिका र दक्षिणमा प्यूठान जिल्ला रहेका छन्।

- यस ८ वटा वडामा विभक्त यस गाउँपालिकाको क्षेत्रफल १५६।५५ वर्ग किमि र जनसंख्या २८२१३ (२०६८ सालको जनगणना अनुसार) रहेको छ।

# आ.व. २०७८/०७९ को वार्षिक वजेट तथा कार्यक्रमहरु

आर्थिक, सामाजिक विकास र गरिवी न्यूनीकरण, कोभिड-१९ रोकथाम तथा नियन्त्रण, लैङ्गिक समानता र सामाजिक समावेशीकरण लगायतका १० वटा प्राथमिकताका क्षेत्रहरु तथा कोभिड-१९ का कारण सिर्जना भएको आर्थिक सामाजिक समस्याहरुको समाधान गर्ने, स्थानीय स्तरमै रोजगारी सिर्जना गरी गरिवी न्यूनीकरण गर्ने, आधारभूत भौतिक पूर्वाधार विकासका माध्यमबाट नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउने लगायतका ९ वाट उद्देश्यका साथ आ.व. २०७८/०७९ मा रु.५८४१६९५३४।०० को बजेट, योजना तथा कार्यक्रम तर्जुमा गरिएको थियो ।

# आ.व. २०७८/०७९ को बजेटको खर्च लक्ष्य र प्रगती

- कूल अनुमानित बजेटः- 584169534
- कुल बास्तविक आम्दानीः-544077943
- घाटा बजेटः-40091952
- कुल खर्चः- 466833760
- मौज्दातः-117335773
- वित्तीय खर्च र प्रगतिः-79.91%(कुल अनुमानित बजेटका आधारमा)
- वित्तीय खर्च र प्रगतिः-८५.८०%(बास्तविक आम्दानीका आधारमा)
- ✓ गत आ.व. २०७७/०७८ मा वित्तीय खर्च र प्रगतीको अनुपात ७३.७९% रहेको ।

# विनियोजित बजेट र खर्च






# आ.व. २०७८/०७९ को वार्षिक अनुमानित वजेट तथा स्रोतहरु

| सि.नं. | स्रोत तथा अनुमान | बार्षिक अनुमानित आय | कूल आम्दानी | फरक |
|---|---|---|---|---|
| 1 | नेपाल सरकार समानीकरण अनुदान | 104800000 | 104800000 | 0 |
| 2 | नेपाल सरकार शसर्त अनुदान | 256257000 | 256255000 | 2000 |
| 3 | नेपाल सरकार विशेष अनुदान | 18200000 | 18200000 | 0 |
| 4 | राजस्व बाँडफाँट संघीय सरकार | 86358000 | 81515680 | 4842320 |
| 5 | नेपाल सरकार समपुरक अनुदान | 8300000 | 8300000 | 0 |
| 6 | लुम्विनि प्रदेश समानीकरण अनुदान | 4910000 | 4910000 | 0 |
| 7 | लुम्विनि प्रदेश शसर्त अनुदान | 8544000 | 8544000 | 0 |
| 8 | लुम्विनी प्रदेश विशेष अनुदान | 9000000 | 9000000 | 0 |
| 9 | लुम्विनी प्रदेश समपुरक अनुदान | 15000000 | 15000000 | 929215 |
| 10 | राजस्व बाँडफाँट प्रदेश सरकार | 7600534 | 6671319 | 0 |
| 11 | जिल्ला समन्वय समिति | 4200000 | 4200000 | 0 |
| 12 | आन्तरिक श्रोत | 10000000 | 7261471 | 2738529 |
| 13 | मौज्दात रकम | 51000000 | 19420472 | 31579528 |
| | जम्मा रकम | 584169534 | 544077942 | 40091592 |

# कुल बजेट र खर्चको तुलनात्मक विवरण

| सि.नं. | बजेटको प्रकार | कूल अनुमानित वजेट | कूल खर्च रकम | खर्च अनुपात |
|---|---|---|---|---|
| 1 | चालु तर्फ | 339614534 | 294524848 | 86.72 |
| 2 | पुँजिगततर्फ | 244555000 | 172308912 | 70.45 |
| जम्मा | | 584169534 | 466833760 | 79.91 |



# क्षेत्रगत बजेट


क्षेत्रगत बजेट
4%
53%
25%
2%
16%
आर्थिक विकास
सामाजिक विकास
पूर्वाधार विकास
सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र
कार्यालय सञ्चालन तथा प्रशासनिक

# क्षेत्रगत  बजेट तथा खर्चको विवरण

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च अनुपात प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 2129000 | 16076373 | 75.51 |
| 2 | सामाजिक विकास | 310796000 | 269440838 | 86.69 |
| 3 | पूर्वाधार विकास | 143639000 | 88855932 | 61.86 |
| 4 | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | 13034000 | 8839442 | 67.81 |
| 5 | कार्यालय सञ्चालन तथा प्रशासनिक | 95410534 | 83621174 | 87.64 |
|  | जम्मा | 584169534 | 466833760 | 79.91 |

# क्षेत्रगत बजेट तथा  खर्चको क्षेत्र र उपक्षेत्र अनुसारको विनियोजित वजेट र खर्चको पूर्ण विवरण

**सुनिलस्मृति गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा**
**कार्यालयको कोड : ८०५५४५०९३००**

**क्षेत्रगत बजेट तथा खर्च**

आ.व. : २०७८/७९ महिना : सबै अवधी : २०७८/०४/०१-२०७९/०३/३२

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,१२,९०,००० | १,६०,७६,३७३ | ७५.५१ | ५२,१३,६२७ |
| २ | सामाजिक विकास | ३१,०७,९६,००० | २६,९४,४०,८३८ | ८६.६९ | ४,१३,५५,१६२ |
| १ | शिक्षा | १८,६२,११,००० | १६,४०,२१,१८८ | ८८.०८ | २,२१,८९,८१२ |
| २ | स्वास्थ्य | ५,०८,२९,००० | ४,६५,४१,९४० | ९१.५७ | ४२,८७,०६० |
| ३ | खानेपानी तथा सरसफाई | ४,६१,१०,००० | ३,७८,९८,६०९ | ८२.१९ | ८२,११,३९१ |
| ४ | भाषा तथा संस्कृति | १,००,००० | ० | ० | १,००,००० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ८८,१६,००० | ५४,७२,५४८ | ६२.०८ | ३३,४३,४५२ |
| ६ | युवा तथा खेलकुद | १८,५०,००० | ८,७८,११४ | ४७.४७ | ९,७१,८८६ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १,६८,८०,००० | १,४६,२८,४३९ | ८६.६६ | २२,५१,५६१ |
| ३ | पूर्वाधार विकास | १४,३६,३९,००० | ८,८८,५५,९३२.६० | ६१.८६ | ५,४७,८३,०६७.४० |
| १ | यातयात पूर्वाधार | ४,४९,९०,००० | २,३२,०३,०३१.६० | ५१.५७ | २,१७,८६,९६८.४० |
| २ | भवन, आवास तथा सहरी विकास | ८,१७,४९,००० | ५,१६,८४,४२१ | ६३.२२ | ३,००,६४,५७९ |
| ३ | उर्जा | ८,००,००० | ६,१५,७८६ | ७६.९७ | १,८४,२१४ |
| ४ | सम्पदा पूर्वाधार | २६,५०,००० | २०,६०,०२० | ७७.७३ | ५,८९,९८० |
| ५ | बिज्ञान तथा प्रबिधि | १५,००,००० | ० | ० | १५,००,००० |
| ६ | पुननिर्माण | १,१९,५०,००० | १,१२,९२,६७४ | ९४.५ | ६,५७,३२६ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,३०,३४,००० | ८८,३९,४४२ | ६७.८१ | ४१,९४,५५८ |
| १ | विपद व्यवस्थापन | १०,६१,००० | ३,७९,२०० | ३५.७४ | ६,८१,८०० |
| २ | मानब संशाधन विकास | २,००,००० | २,००,००० | १०० | ० |
| ३ | कानुन तथा न्याय | ८,००,००० | ५०,००० | ६.२५ | ७,५०,००० |
| ४ | तथ्यांक प्रणाली | १८,५४,००० | १७,२०,६१८ | ९२.८१ | १,३३,३८२ |
| ५ | श्रम तथा रोजगारी | ६१,१९,००० | ४०,९०,३५२ | ६६.८४ | २०,२८,६४८ |
| ६ | योजना तर्जुमा र कार्यन्वयन | ३०,००,००० | २३,९९,२७२ | ७९.९८ | ६,००,७२८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,५४,१०,५३४ | ८,३६,२१,१७४.८१ | ८७.६४ | १,१७,८९,३५९.१९ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,५४,१०,५३४ | ८,३६,२१,१७४.८१ | ८७.६४ | १,१७,८९,३५९.१९ |
| | कुल जम्मा | ५८,४१,६९,५३४ | ४६,६८,३३,७६०.४१ | ७९.९१ | ११,७३,३५,७७३.५९ |

# भौतिक प्रगति

- कुल योजना संख्याः210
- सम्पन्न भएका योजनाः-169
- सम्पन्न हुन वाँकी योजनाः-41
- भौतक लक्ष्य र प्रगतिको अनुपातः-80.47%

# पूर्वाधार विकासको क्षेत्रको भौतिक उपलव्धी

| सि.नं. | पूर्वाधारको क्षेत्र | उपलव्धी | इकाई | कैफियत |
|---|---|---|---|---|
| 1 | सडक नयाँ ट्र्याक | 5642 | मि | |
| 2 | सडक स्तरोन्नती | 4031 | मि | |
| 3 | सडक ग्राभेल | 1775 | मि | |
| 4 | भवन निर्माण | 5 नयाँ,८ वटा निर्माणाधिन र 22 मर्मत संभार | वटा | |
| 5 | सिचाई कुलो | 793 | मि | |
| 6 | सिचाइ पोखरी | 1 | वटा | |
| 7 | खानेपानी पाइप विच्छाउने | 22936 | मि | |
| 8 | धारा निर्माण | 483 | वटा | |
| 9 | खेलकुद मैदान | 6 | वटा | |
| 10 | घेरावार | 3 | वटा स्थान | |
| 11 | खानेपानी ट्यांकी | 24 | वटा | |

# अन्य मुख्य उपलव्धी

- फुसको छानो विस्थापनका लागि अति विपन्न परिवारहरुलाई सुरक्षित घरमा बनाउनका लागि कार्यविधि निर्माण गरि रु ६० हजारका दरले विपन्न परिवारलाई अनुदान सहायत प्रदान गरिएको।जसवाट सुनिलस्मृति गाउँपालिकामा फुसको छानो विस्थापन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।
- वडा नं. ३ मिझिङ र वडा नं. ५ काभ्रामा आधारभूत स्वास्थ्य केन्द्रको स्थापना, वडा नं. ५ को आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माणाधिन अवस्थामा रहेकोछ जसको ६५ प्रतिशत निर्माण प्रगती भएको छ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७८ तर्जुमा गरी लागु गरिएकोछ।
- वाल विवाह न्यूनीकरणका क्षेत्रमा समुदाय स्तरमा विभिन्न कार्यक्रमहरु सम्पन्न भएका छन्।जसवाट वाल विवाह न्यूनीकरणलाई टेवा पुग्ने र यसको दीर्घकालीन प्रभाव रहने समेत देखिन्छ।
- वालमैत्री स्थानीय शासन सम्वन्धी पालिका स्तर र सवै वडा स्तरमा अभिमूखिकरण गर्ने कार्य सम्पन्न भएको छ।
- विभिन्न विषयगत शाखावाट सिलाईकटाई, आधारभूत कम्प्यूटर, च्याउ खेती, मौरी पालन, अगरवत्ती वनाउने, मुढा वुन्ने, स्यानिटरी प्याड वनाउने, लगायतका विभिन्न १८ वटा सीपमूलक तथा व्यावसायिक तालिम सम्पन्न भएका छन।जसवाट उद्यमशिलता प्रवर्द्धन भई वेरोजगारी र गरिवी निवारणमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

# अन्य मुख्य उपलव्धी

- विद्यालयको पठनपाठन तथा व्यवस्थापन सुदृढीकरणका लागि प्रध्यानाध्यापकहरुलाई प्रशासनीक तथा क्षमता विकास तालिम र अंग्रेजी माध्यमबाट अध्ययन गराउने विद्यालय शिक्षकहरुको क्षमता विकास तालिमको व्यवस्था गरिएको छ ।
- विद्यार्थीसँग अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइ सवै माध्यामिक विद्यालयहरुमा एकै प्रकारको पिटि कार्यक्रम लागु गरियो। जसवाट सवै माध्यामिक विद्यालयमा हरेक दिन विहान यसेम्वलीको समयमा संगितको धुन सहित विद्यार्थीलाई पिटी परेट गराउने गरिएको छ। परिणामतः विद्यार्थीमा शारिरिक तन्दरुस्ती र मानसिक स्फुर्ती आइ पठनपाठनमा समेत सकारात्मक प्रभाव परेको पृष्ठपोषण प्राप्त भएको छ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्रीहरु ८ जनालाई ह्वीलचियर र ७ जनालाई बैसाखी वितरण, अपाङ्गता भएका व्यक्तिहरुको गाउँपालिका स्तरीय सञ्जाल गठन, हाल सम्म २८१ जनालाई अपाङ्ग परिचय-पत्र वितरण गरिएको छ ।
- चालु आ.व.मा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकाका ८ वटै वडा भित्र २६ वटा योजनाहरु सञ्चालन भएका र उक्त योजनामा २९० जना बेरोजगार व्यक्तिहरुले रोजगार दिइएको छ ।

# सुधारको क्षेत्र

- वजेट योजना तथा कार्यक्रम तर्जुमामा सम्वन्धित सरोकारवाला तथा लाभग्राहीको अधिकाधिक सहभागितामा जोड दिदै मागमा आधारित र लागत प्रभावी वनाउनु पर्ने देखिन्छ,
- नेपालकै विकास प्रशासनको समस्याको रुपमा रहेको अन्तिम त्रैमासिकमामात्रै त्यसमा पनि असार महिनामा अधिक खर्च गर्ने प्रवृत्ती यस पालिकामा पनि रहेकोले स्वीकृत योजना तथा कार्यक्रमहरुलाई तोकिएको समय लागत परिमाण र गुणस्तरमा सम्पन्न गर्न वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ। असोजमसान्त सम्म सवै योजनाहरुको खरिद प्रक्रिया सुरु गरिसक्नु पर्ने देखिन्छ।
- उपभोक्ता समितिवाट निर्माण सम्पन्न हुने योजनाहरुमा परिमाण र गुणस्तरमा पूर्णता प्राप्त गर्न नसकिएकोले उपभोक्ता समिति गठन र संझौता प्रक्रियालाई वस्तुगत वनाउनु पर्ने देखिन्छ। उपभोक्ता समितिलाई औपचारिक रुपमा अभिमुखीकरण गर्ने कार्य गर्नु पर्ने।

# चुनौती

- तीनै तहका सरकारवाट प्रदान गरिने वित्तीय तथा वस्तुगत सहायतावाट आम नागरिकमा स्वावलम्वन र आत्मनिर्भर उन्मुखता हासिँल हुनु पर्नेमा सो हुन नसकेको, अनुदानको मर्मतुल्य सदुपयोग हुन नसकेको अवस्थामा यसलाई औचित्यपूर्ण वनाउनु चुनौतिको विषयको रहेको छ।
- वित्तीय हस्तान्तरणमा निर्भर स्थानीय अर्थतन्त्रलाई आन्तरिक आयमा बढोत्तरी ल्याउदै आत्मनिर्भर वनाउन राजस्व परिचालनमा नतिजामूलकता हाँसिल गर्नु। वढि संभावना भएका व्यावसाय कर र घर वहाल कर लाई व्यवस्थित गर्नु पर्ने देखिन्छ।
- योजना तथा कार्यक्रमलाई दिगो विकासमा आधारित र लागत प्रभावी वनाउनु पर्नेछ।

# अवसर

- विकास प्रयासलाई सहयोग गर्ने सुनिलस्मृतिका जनता
- समृद्ध सुनिलस्मृति पालिका वनाउने अटोठ लिएर जनताको सेवकको रुपमा निर्वाचित भएर आउनु भएका अध्यक्ष, उपाध्यक्ष लगायतका जनप्रतिनिधिहरुको टीम
- सक्षम र निपूर्ण कर्मचारीहरुको टोलि
- अघिल्लो ५ वर्षमा निर्माण गरिएको विकासको वलियो जगमा प्राप्त उपलव्धीलाई दिगो बनाउदै सामाजिक विकासको क्षेत्रमा विकास हाँसिल गर्ने

धन्यवाद!!

